# नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड

## सिनामंगल, काठमाण्डौको

मिति २०८१ कार्तिक ७ गते बुधवारका दिन सम्पन्न भएको विशेष साधारण सभाको
काम कारबाहीको विवरण (माईन्यूट)

यस कम्पनीको विशेष साधारणसभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री आनन्द कुमार अग्रवाल वगडिया ज्यूको अध्यक्षतामा मिति २०८१ कार्तिक ०७ गते (२३ अक्टुवर, २०२४) बुधवार का दिन अमृतभोग क्याटर प्रा.लि., कालिकास्थान, काठमाण्डौ अपराह्न ३ बजे सुरु भई ४:३० बजेसम्म पूर्व निर्धारित विषय माथि छलफल गरी भएको निर्णय अभिलेख (माइन्यूट) निम्न बमोजिम रह्यो ।

### १. सभाको सूचना जारी

सञ्चालक समितिको मिति २०८१-०६-१५ गते बसेको ६४औं बैठकले कम्पनीको विशेष साधारण सभा मिति २०८१ कार्तिक ७ गते बुधवारका दिन अपराह्न ३ बजे देखि अमृतभोग क्याटर प्रा.लि., कालिकास्थान, काठमाण्डौमा बस्ने भनी निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को, दफा ६७ (२) र कम्पनीको नियमावलीको नियम १८ को (३) को व्यवस्था बमोजिम कम्पनीको सभा सम्बन्धी सूचना शेयरधनी महानुभावहरूले उपलब्ध गराउनु भएको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८१-०६-१७ र मिति २०८१-०७-०५ गते को कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको थियो ।

### २. विशेष प्रस्तावहरू

प्रस्ताव १. कम्पनीको चुक्ता पुँजी वृद्धि गर्न हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।

प्रस्ताव २. प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।

प्रस्ताव ३. कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरूबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

### ३. उपस्थिति

३.१ सञ्चालक ज्यूहरुः

१. श्री आनन्द कुमार अग्रवाल वगडिया – अध्यक्ष



NEPAL WAREHOUSING COMPANY LIMITED

२. श्री दिप प्रकाश पाण्डे – सञ्चालक

३. श्री सतिश चन्द श्रेष्ठ – सञ्चालक

४. श्री विकाश चन्द्र भण्डारी – सञ्चालक

५. श्री प्रदिप कुमार अग्रवाल – सञ्चालक

६. श्री सदिक्षा श्रेष्ठ – स्वतन्त्र सञ्चालक

३.२ पदाधिकारीहरू:

१. श्री नरेन्द्र प्रसाद भट्ट —महाप्रबन्धक तथा कम्पनी सचिव

२. श्री निश्चित अर्याल — प्रमुख व्यवसाय अधिकृत

३.३ आमन्त्रितहरूको उपस्थिति:

१. श्री शशी सत्याल – लेखा परीक्षक, श्री पिकेएफ टिआर उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्

२. श्री परमेश्वर पन्त – प्रमुख कार्यकारी अधिकृत, श्री हिमालयन क्यापिटल लिमिटेड

३.४ शेयरधनीहरुको उपस्थिति:

१. स्वयम् उपस्थित हुने शेयरधनीको सङ्ख्याः १०१

२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरुको सङ्ख्याः १४

३. जम्मा उपस्थित सङ्ख्याः ११५

## ४. गणपुरक संख्या तथा सभाको बैधानिकता

| विवरण | कुल शेयर सङ्ख्या | सभामा उपस्थित शेयरधनीको शेयर सङ्ख्या | सभामा कुल शेयरको प्रतिनिधित्व % | शेयरधनीहरुको उपस्थित सङ्ख्या |
|---|---|---|---|---|
| संस्थापक समूह (८०%) | ५५,००,००० | ५२,६८,४०० | ७६.६३% | १७ |
| सर्वसाधारण समूह (२०%) | १३,७५,००० | २५,३८२ | ०.३७% | ९८ |
| जम्मा | ६८,७५,००० | ५२,९३,७८२ | ७७.००% | ११५ |

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था बमोजिम विशेष साधारण सभा हुन कम्पनीको बाँडफाँड भएको कुल शेयर सङ्ख्याको ५०% भन्दा बढी शेयर



NEPAL WAREHOUSING COMPANY LIMITED

प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा निजका प्रतिनिधिहरू मार्फत उपस्थित भएमा साधारण सभाको लागि गणपूरक सङ्ख्या पुगेको मानिने प्रावधान भए अनुरूप नै यस कम्पनीको बाँडफाँड भएको कूल ६८,७५,००० कित्ता शेयर मध्ये ५२,९३,७८२ कित्ता शेयर धारण गरेका ११५ जना शेयरधनीहरु स्वयम् तथा प्रतिनिधि पत्र मार्फत उपस्थित भई कूल शेयरको ७७% को प्रतिनिधित्व भएको हुँदा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली अनुसार आजको यस सभाको गणपूरक सङ्ख्या पुगी सभा सञ्चालन हुन वैधानिकता रहेको ब्यहोरा कम्पनी सचिव श्री नरेन्द्र प्रसाद भट्टले सभामा जानकारी गराएपछि सभाको औपचारिक कार्यक्रमहरू सुरु भयो ।

**५. सभाको अध्यक्षता तथा सभा सञ्चालन**

साधारण सभा सुरु हुनु अघि कम्पनी सचिव श्री नरेन्द्र प्रसाद भट्टले उपस्थित शेयरधनी महानुभावहरुको स्वागत गर्नु हुँदै कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री आनन्द कुमार अग्रवाल वगडिया ज्यूलाई कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) तथा कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम सभाको अध्यक्षता ग्रहण गरिदिनुहुन हार्दिक अनुरोध गर्नु भयो । साथै सभाध्यक्ष श्री आनन्द कुमार अग्रवाल वगडियाज्यूले सभा सञ्चालनको लागि कम्पनी सचिव श्री नरेन्द्र प्रसाद भट्टलाई अनुमति प्रदान गर्नु भयो ।

**६. स्वागत मन्तव्य सहित विशेष साधारण सभाको आवश्यकताको जानकारी**

कम्पनीका सञ्चालक श्री सतिश चन्द श्रेष्ठले सभामा उपस्थित शेयरधनी ज्यूहरू लगायत सम्पूर्ण महानुभावज्यूहरूलाई कम्पनीको तर्फबाट हार्दिक स्वागत गर्नु हुँदै विशेष साधारण सभाको आवश्यकता तथा औचित्यका सम्बन्धमा सभालाई जानकारी गराउनु भयो ।

**७. विशेष साधारण सभाका विशेष प्रस्तावहरू छलफलको लागि सभामा पेस**

कम्पनी सचिव श्री नरेन्द्र प्रसाद भट्टले देहाय बमोजिमका प्रस्तावहरू छलफलका लागि सभामा पेस गरी प्रस्तावहरू उपर शेयरधनी महानुभावहरूको जिज्ञासा, मन्तव्य तथा सुझावहरूको लागि अनुरोध गर्नु भयो ।

प्रस्ताव १. कम्पनीको चुक्ता पुँजी वृद्धि गर्न हकप्रद शेयर जारी गर्ने सम्बन्धमा ।

प्रस्ताव २. प्रबन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।

प्रस्ताव ३.कम्पनीको प्रबन्ध पत्र तथा नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।



NEPAL WAREHOUSING COMPANY LIMITED

**क) उपरोक्त प्रस्तावहरू उपर शेयरधनी महानुभावहरू बाट सभामा प्रस्तुत मन्तव्य, जिज्ञासा तथा सुझावहरूः**

मौखिक तथा लिखित रूपमा आफ्नो अभिव्यक्ति राख्ने सबै शेयरधनी महानुभावहरूले विशेष साधारण सभाका विशेष प्रस्तावहरू प्रति पूर्ण समर्थन जनुउनका साथै कम्पनीको तथा सभाको सफलताको कामना गर्नु भयो । शेयरधनी श्री जगन्नाथ आचार्यले हाल सम्म कम्पनी घाटामा रहेको हुनाले उक्त घाटा पूर्ति गरी कहिले सम्ममा कम्पनीले लगानीकर्ताहरूलाई प्रतिफल तथा लाभांश वितरण गर्न सुरु गर्ने छ भन्ने बारेमा जिज्ञासा राख्नका साथै कम्पनीको हाल सम्म तीन प्रदेशमा मात्र समिति रहेको व्यवसायलाई देशका सातै वटा प्रदेशमा विस्तार गर्न कम्पनीको व्यवस्थापनलाई लिखित सुझाव दिनु भयो। शेयरधनी श्री लक्ष्मण बहादुर श्रेष्ठले हकप्रद शेयरको अनुपात स्पष्ट पारिदिन अनुरोध गर्दै उक्त प्रस्ताव नियमित वार्षिक साधारण सभामा लगेको भएमा कम्पनीलाई आर्थिक व्ययभार कम हुने थियो भन्ने विचार व्यक्त गर्नु भयो । शेयरधनीहरू श्री डमरू बल्लब धिमिरे, श्री निरूपमा गुप्ता र श्री उत्तम पाठकले यी प्रस्तावहरू नियमित वार्षिक साधारण सभामा लगेको भए राम्रो हुने तर सञ्चालक समितिले सोचविचार गरेरै विशेष साधारण सभा मार्फत ल्याएका होलान् भनी आफ्नो विचार व्यक्त गर्नु भयो। श्री निरूपमा गुप्ताले हकप्रद शेयरबाट उठेको रकमको पूर्ण सदुपयोग गर्न समेत सुझाव दिनु भयो। त्यसै गरी श्री उत्तम पाठकले कम्पनीको सुशासनमा कमी कमजोरी रहको र त्यसमा आवश्यक सुधार गर्न व्यवस्थापनलाई समेत सुझाव दिनुभयो। साथै हाल ब्याजदरमा कमि आएको हुनाले हकप्रद शेयरबाट उठेको रकमले अन्न खरिद गर्न र भण्डारण गरी पछि महँगोमा विक्री गरी कम्पनीको आयमा वृद्धि गर्न समेत सुझाव दिनुभयो। शेयरधनीहरू श्री वैजुनाथ रौनियार, श्री चन्द्र नारायण श्रेष्ठले यस विशेष साधारण सभामा हकप्रदको मात्र प्रस्ताव रहेकोले यसलाई पारित गरी यथाशीघ्र कार्यान्वयन तिर लाग्न समेत सुझाव दिनु भयो।

**ख) शेयरधनी महानुभावहरूको प्रश्न, जिज्ञासा तथा सुझावहरू उपर सामूहिक रूपमा दिइएको प्रत्युत्तरः**

सभामा शेयरधनीहरूले सभामा प्रस्तुत प्रस्तावहरू उपर दिनु भएको समर्थन तथा सभामा व्यक्त गर्नु भएका जिज्ञासा, सल्लाह तथा सुझावहरूको लागि कम्पनीको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभाध्यक्ष श्री आनन्द कुमार अग्रवाल वगडियाले शेयरधनीहरूलाई धन्यवाद ज्ञापन गर्नु भयो। प्रत्युत्तर दिने क्रममा सभाध्यक्ष श्री आनन्द कुमार अग्रवाल वगडियाले नेपालको लागि यो नयाँ परियोजना रहेको तर विकसित मुलुकहरूमा यस किसिमको व्यवसाय व्यापक रूपमा भइरहेको बताउनु भयो। परम्परागत भण्डारण भन्दा यस्तो किसिमको भण्डारणले खाद्यान्नको गुणस्तरमा कमी आउन नदिने र लामो समय भण्डारण गर्न सहज हुने कुराको जानकारी दिनु भयो। यद्यपि यस विषयमा पर्याप्त मात्रामा सरकार तथा सम्बन्धित निकायहरूलाई बुझाउन नसकिएको कुरा समेत बताउनु भयो। कोभिडको कारण संरचना निर्माणमा ढिलाइ भएको र पर्याप्त अनुभवको कमिका कारणले सोचे अनुरूप आय आर्जन गर्न नसकोले बैङ्क



NEPAL WAREHOUSING COMPANY LIMITED

ऋण भार बढ्न गई असहज परिस्थिति सृजना भएको बताउनु भयो। कम्पनीको सञ्चालन खर्च धेरै नभएको र हकप्रद शेयर वाफतको रकमले केही ऋण भुक्तानी गरिसके पछि ब्याज खर्चमा कमि आउने र अब पर्याप्त व्यवसयिक अनुभव समेत हाँसिल भइसकेकोले कम्पनी छिट्टै मुनाफा आर्जन गर्न सफल हुनेमा कम्पनीको व्यवस्थापन विश्वस्त रहेको बताउनु भयो। साथै कम्पनीको १२ बिघा भन्दा बढीको जगा र भौतिक संरचनाको मूल्य समेत क्रमिस रूपमा बढ्ने हुनाले कम्पनीको भविष्य राम्रो रहेको बताउनु भयो। हकप्रद शेयरबाट उठेको रकमले अन्न खरिद गर्ने र भण्डारण गरी पछि महँगोमा विक्री गर्ने सुझावमा अन्नको खरिद बिक्रीमा जोखिम समेत जोडिएको हुँदा सो रकममा जोखिम नलिदानै राम्रो हुने बताउनु भयो। साथै कम्पनीको सुशासनमा समेत आवश्यक सुधार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## ८. विशेष साधारण सभाका विशेष प्रस्तावहरू निर्णयार्थ सभामा पेस तथा निर्णयहरू

### निर्णय नं. १

प्रस्ताव नं. १ अन्तर्गत आजको विशेष साधारण सभामा यस नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडको मिति २०८१-०६-१४ गते बसेको सञ्चालक समितिको ६३औं बैठकको निर्णय अनुसार व्यवस्थापनले कम्पनीको नाममा रहेको बैङ्क ऋण तिर्न, कपिलवस्तुमा रहेको परियोजनाको बाँकी रहेको काम सम्पन्न गर्न तथा व्यवसाय विस्तार गर्ने हेतु कम्पनीको हाल कायम रहेको चुक्ता पुँजीको शतप्रतिशत हकप्रद शेयर जारी गर्ने प्रस्ताव यस विशेष साधारण सभामा निर्णयार्थ पेस गर्ने निर्णय भए अनुसार हाल कायम प्रति शेयर अङ्कित मूल्य रु. १०० दरका ६८,७५,००० कित्ता शेयरको शतप्रतिशत (१ शेयर बराबर १) हकप्रद शेयर जारी गरी कम्पनीको चुक्ता पुँजी रु. १,३७,५०,००,०००।- (अक्षेरुपी एक अर्ब सैंतीस करोड पचास लाख) पुऱ्याउने र सोही अनुरूप कम्पनीको पुँजी संरचना (अधिकृत पुँजी तथा जारी पुँजी) समेत वृद्धि गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित भयो। साथै कम्पनीको हालको आर्थिक आवश्यकतालाई मध्यनजर गरी सभाबाट संस्थापक शेयरधनीहरु तर्फको हकप्रद शेयर वाफतको रकम Call in Advance को रूपमा माग गर्ने तथा हकप्रद शेयरमा आवेदन गर्न अनिच्छुक संस्थापक शेयरधनी महानुभावहरूले धितोपत्र सम्बन्धी प्रचलित कानुन बमोजिम हक हस्तान्तरण (Renounce) को प्रक्रिया अगाडि बढाउन सकिने ब्यहोरा समेत सर्वसम्मतिले निर्णय गरियो।

### निर्णय नं. २

प्रस्ताव नं. २ अन्तर्गत आजको विशेष साधारण सभामा यस नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडको प्रबन्ध पत्रमा देहाय बमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो।

NEPAL WAREHOUSING COMPANY LIMITED

प्रबन्ध पत्रको दफा ६ को (क), (ख) र (ग) मा भएको संशोधन सम्बन्धी तीन महले विवरण

| साबिक व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| दफा ६<br>(क) कम्पनीको अधिकृत पुँजी रु. ७०,००,००,००० ।- (अक्षेरुपी सत्तरी करोड) हुनेछ । सो पुँजी लाई प्रतिशेयर रु.१०० का दरले ७०,००,००० ।- (सत्तरी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ख) कम्पनीको तत्काल जारी पुँजी रु.६८,७५,००,००० ।- (अक्षेरुपी अठ्सठ्ठी करोड पचहत्तर लाख) हुनेछ । सो पुँजी लाई प्रतिशेयर रु. १०० का दरले ६८,७५,००० ।- (अठ्सठ्ठी लाख पचहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) कम्पनीका संस्थापक शेयरधनीहरुबाट रु ५५,००,००,००० ।- (अक्षेरुपी पचपन्न करोड) र प्रारम्भिक सार्वजनिक निष्कासन मार्फत रु. १३,७५,००,००० ।- (अक्षेरुपी तेह्र करोड पचहत्तर लाख) सङ्कलित भई कुल चुक्ता पुँजी रु.६८,७५,००,००० ।- (अक्षेरुपी अठ्सठ्ठी करोड पचहत्तर लाख) कायम भएको छ । | दफा ६<br>(क) कम्पनीको अधिकृत पुँजी रु. १,३७,५०,००,००० ।- (अक्षेरुपी एक अर्ब सैंतिस करोड पचास लाख) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १०० का दरले १,३७,५०,००० ।- (एक करोड सैंतिस लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ख) कम्पनीको तत्काल जारी पुँजी रु. १,३७,५०,००,००० ।- (अक्षेरुपी एक अर्ब सैंतिस करोड पचास लाख) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १०० का दरले १,३७,५०,००० ।- (एक करोड सैंतिस लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) कम्पनीको कुल चुक्ता पुँजी रु. १,३७,५०,००,००० ।- (अक्षेरुपी एक अर्ब सैंतिस करोड पचास लाख) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १०० का दरले १,३७,५०,००० ।- (एक करोड सैंतिस लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>जसमध्ये कम्पनीका संस्थापक शेयरधनीहरुबाट रु ११०,००,००,००० ।- (अक्षेरुपी एक अर्ब दस करोड) र | हकप्रद शेयर निष्कासन गर्न आवश्यक भएको हुनाले । |



NEPAL WAREHOUSING COMPANY LIMITED

| | | |
|---|---|---|
| | सर्वसाधारण शेयरीधनीहरु बाट रु. २७,५०,००,०००।- (अक्षेरुपी सत्ताईस करोड पचास लाख) सङ्कलन गरिनेछ । | |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ अन्तर्गत आजको विशेष साधारण सभामा यस नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेडको प्रबन्ध पत्र तथा नियमावलीमा हकप्रद शेयर जारी गर्ने विषयमा समेत आवश्यक संशोधनको सम्बन्धमा नियमनकारी निकायहरूबाट संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरू गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**९. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

यस विशेष सभामा छलफलका लागि थप विषय बाँकी नरहेकोले अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी तथा अन्य सम्पूर्ण महानुभावहरूलाई सफलताका साथ यो गरिमामय विशेष साधारण सभा सम्पन्न गर्न सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै विधिवत् रूपमा सभा विसर्जन भएको घोषण गर्नु भयो ।

NEPAL WAREHOUSING COMPANY LIMITED

.......................................
श्री आनन्द कुमार अग्रवाल वगडिया
अध्यक्ष

.......................................
श्री नरेन्द्र प्रसाद भट्ट
कम्पनी सचिव